
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २७७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ कार्तिक १९ गते शनिबार ❑ 5 Nov. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## मुक्तिनाथ हिन्दू र बौद्धमार्गीको आस्थाको धरोहर- राष्ट्रपति

**पोखरापत्र संवाददाता**
**मुस्ताङ, १८ कार्तिक**

राष्ट्रपति विद्यादेवी भण्डारीले यहाँको प्रसिद्ध धार्मिकस्थल मुक्तिनाथ विश्वभरिका हिन्दू र बौद्धमार्गीको आस्थाको धरोहरका रुपमा रहेको बताउनुभएको छ।



शुक्रबार मुक्तिनाथ मन्दिर परिसरमा निर्मित भगवान् गौतम बुद्धको प्रतिमा अनावरण एवं भगवान् विष्णुको प्रतिमा शिलान्यासपछि राष्ट्रपति भण्डारीले मुक्तिनाथ क्षेत्र नेपालकै विशिष्ट धार्मिक एवं सांस्कृतिक सम्पदा रहेको उल्लेख गर्नुभयो । उहाँले बुद्धको प्रतिमा अनावरण र भगवान् विष्णुको प्रतिमा शिलान्यास गर्न पाउनुलाई आफूले ऐतिहासिक अवसरका रुपमा लिएको पनि बताउनुभयो।

"मूर्ति अनावरण तथा शिलान्यासमा सहभागी हुन पाएकामा खुसी व्यक्त गर्दछु", राष्ट्रपति भण्डारीले भन्नुभयो, "यसबाट हिन्दू र बौद्ध समुदायको साझा आस्थाको केन्द्रका रुपमा रहेको मुक्तिनाथ क्षेत्रको धार्मिक एवं पर्यटकीय महत्व अझ बढ्न जाने मैले विश्वास लिएकी छु ।" बहुसाँस्कृतिक आयाम बोकेर सदियौँको इतिहास समेटेको मुक्तिनाथ क्षेत्र र मुक्तिनाथ मन्दिरको महत्वलाई पौराणिक ग्रन्थले ठूलो सम्मानका साथ उल्लेख गरेको उहाँको भनाइ थियो । राष्ट्रपति भण्डारीले भौगोलिक, सामाजिक र सांस्कृतिक हिसाबले मुस्ताङ विशिष्ट रहेको बताउनुभयो।

"मुस्ताङमा रहेका धार्मिक, सांस्कृतिक सम्पदा हाम्रा अमूल्य निधी हुन्, यिनीहरुको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन हुनुपर्छ, यसबाट प्राप्त आर्थिक लाभ यहीँका जनताको सुख र समृद्धिका लागि सदुपयोग गरिनुपर्छ", उहाँले भन्नुभयो। उहाँले मुस्ताङका धार्मिक तथा पर्यटकीय क्षेत्रको भौतिक तथा पूर्वाधार विकासमा सङ्घ, प्रदेश र स्थानीय तहले समन्वयकारी पहल लिनुपर्ने धारणा राख्नुभयो। राष्ट्रपति भण्डारीले मित्रराष्ट्र चीनसँग व्यापारिक सम्पर्क स्थापित गर्न सहज हुने कोराला नाकाले मुस्ताङलाई अर्को परिचय दिएको बताउनुभयो । "हाम्रा उत्पादनका लागि सहज बजार हुने दुई देशका बीचमा स्थल मार्ग हुँदै व्यापार विस्तार गर्ने नयाँ सम्भावना कोराला नाकाले खोल्ने भएकाले स्थल मार्गबाट नाका सञ्चालन गर्न आवश्यक भौतिक पूर्वाधार निर्माणमा ध्यान दिनुपर्दछ", उहाँले भन्नुभयो । राष्ट्रपति भण्डारीले शुक्रबार बिहान मुक्तिनाथ मन्दिरमा विशेष पूजाआजासमेत गर्नुभएको थियो । मन्दिर परिसरमा रहेका १०८ धाराको परिक्रमासँगै मन्दिरमा विशेष पूजाआजा गर्नुभएको प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले जानकारी दिनभयो।

राष्ट्रपतिले मुक्तिनाथको रानीपौवामा निर्माण गरिएको 'लो मुस्ताङ हिमालयन रिसोर्ट'को पनि उद्घाटन गर्नुभएको जनाइएको छ । गैरआवासीय नेपाली सङ्घका पूर्वउपाध्यक्ष एवं उद्यमी सोनाम लामाको निजी लगानीमा मुक्तिनाथमा गौतमबुद्धको मूर्ति निर्माण गरिएको थियो। भगवान् विष्णुको मूर्ति पनि उहाँकै लगानीमा बन्न लागेको हो।

राष्ट्रपति विद्यादेवी भण्डारीले यहाँस्थित प्रसिद्ध धार्मिकस्थल मुक्तिनाथको शुक्रबार विहान दर्शन गर्नुभएको छ । उहाँले मन्दिर परिसरमा रहेका एक सय ८ धाराको परिक्रमासँगै मन्दिरमा विशेष पूजाआजा गर्नुभएको प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले जानकारी दिनभयो । मुक्तिनाथ मन्दिर परिसरमा निर्मित भगवान् गौतमबुद्धको मूर्ति अनावरण र भगवान् विष्णुको मूर्ति शिलान्यासका सिलसिलामा राष्ट्रपति यहाँ आउनुभएको हो । केही बेरपछि राष्ट्रपति भण्डारी मूर्ति अनावरण र शिलान्यास समारोहमा सरिक हुने प्रजिअ शर्माले जानकारी दिनुभयो ।

## कोरियाका सांसद पोउवा संघमा

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ कार्तिक**

दक्षिण कोरियाको राष्ट्रिसभा सदस्य लि साङ हनले पोखराको पर्यटन प्रवर्द्धनको जिम्मा निजी क्षेत्रले लिनुपर्नेमा जोड दिएका छन् । नेपालले सुन्दरताको लागि इश्वरीय बरदान पाएको बताउँदै उनलेपोखराकाउद्योगी/व्यवसायीहरुलाई प्राकृतिक स्रोत परिचालनबाटै लाभ लिन सुझाएका छन्।



'नेपाल इश्वरीय बरदान प्राप्त मुलुक हो',शुक्रबार पोखरा उद्योग वाणिज्य संघका पदाधिकारी तथा सदस्यहरुसँगको छलफलको क्रममा उनले भने,पदाधिकारी तथा सदस्यहरुसँगको छलफलको क्रममा उनले भने,'तपाईंहरुले यहाँका उत्पादनहरुको ब्राण्डिङ गर्न सक्नुपर्छ।' उनले पानीको उदाहरण दिँदै थपे,'यहाँको पानीलाई विश्वकै अग्ला हिमालको शुद्ध पानी भनेर संसारभर बेच्न सकिन्छ ।' उनले नेपालसहित विकाशोन्मुख राष्ट्रलाई कोरियाले प्रविधि हस्तान्तरणको माध्यमबाट सघाउने प्रतिवद्धता पनि जनाए । उनले पोखरा उद्योग वाणिज्य संघ र कोरियाका उद्योगी/व्यवसायीहरुबीच पुलको काम गर्ने प्रतिवद्धता पनि जनाए । पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवनकुमार प्रजापतिले नेपाली उत्पादनको बजारीकरणको लागि सघाउन गरेको आग्रहमा उनले त्यसो भनेका हुन् । उनले नेपाल र पोखरामा विदेशी लगानी भित्र्याउने हो भने नेपालले लगानी सुरक्षाको प्रतिवद्धता जनाउनुपर्ने बताएका छन्। 'हामीले भियतनाम र चीनमा लगानी गर्‍यौं तर असुरक्षित महशुस भयो', उनले भने,'तर,त्यहाँ सोचेजस्तो भएन, नेपालले पनि त्यसको लागि सुधार गर्नुपर्छ भन्ने लाग्छ।' उनले पूर्वाधार निर्माण,सहरी विकासलगायतका क्षेत्रमा सघाउन कोरिया तयार रहेको पनि दोहोर्‍याए । तीन सदस्यीय भ्रमण दलमा उनीसँगै व्यवसायीहरु यो प्यो किम र साङपिल किम सहभागी थिए।

भ्रमण दललाई स्वागत गर्दै पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवनकुमार प्रजापतिले नेपाल र कोरियाका व्यवसायीहरुबीच भाइचारा सम्बन्ध स्थापना, बि टु बि मिटिङको प्रबन्ध,नेपाली उत्पादनहरुको बजारीकरणमा सहयोग एवं नेपालको पर्यटन प्रवर्द्धनका कार्यक्रमहरुको लागि सहजीकरण गर्न सांसद लिसँग अनुरोध गरेका थिए । 'नेपालमा


बाँकी अन्तिम पृष्ठमा ▶▶


## दस महिनामा भित्रिए चार लाख ७३ हजार ५६३ पर्यटक

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ कार्तिक**

पछिल्लो दस महिनाको अवधिमा झण्डै पाँच लाख विदेशी पर्यटक नेपाल भित्रिएका छन्। नेपाल पर्यटन बोर्डले उपलब्ध गराएको तथ्याङ्कअनुसार अङ्ग्रेजी वर्षको जनवरीदेखि अक्टोबरसम्म चार लाख ७३ हजार पाँच सय ६३ पर्यटकले नेपाल भ्रमण गरेका हुन्।

अक्टोबरमा मात्रै ८८ हजार पाँच सय ८२ पर्यटक नेपाल आएका छन्। पर्यटक आगमन दर यो वर्षको हालसम्मकै बढी सङ्ख्या हो । यसअघि अप्रिलमा सबैभन्दा बढी ६१ हजार पाँच सय ८९ पर्यटक नेपाल भित्रिएका थिए। सेप्टेम्बरमा ५८ हजार तीन सय १४, अगष्टमा ४१ हजार तीन सय ४, जुलाईमा ४४ हजार चार सय ६२ र जुनमा ४६ हजार नौ सय ७५ पर्यटक नेपाल आएका थिए । त्यसैगरी, मेमा ५३ हजार छ सय ८, मार्चमा ४२ हजार छ, फेब्रुअरीमा १९ हजार सात सय ६६ र जनवरीमा १६ हजार नौ सय ७५ पर्यटकले नेपाल भ्रमण गरेका थिए । कोभिड-१९ महामारीका कारण घटेको विदेशी पर्यटकको सङ्ख्या सन् २०२२ मा भने बढ्दो क्रममा रहेको तथ्याङ्कले देखाउँछ। महामारीपूर्व सन् २०१९ मा ११ लाख ९७ हजार ९१ जना पर्यटक नेपाल आएका थिए। तर सन् २०२० मा कोरोना महामारीका कारण विदेशी पर्यटकको सङ्ख्या ८१ प्रतिशतले कमी आइ दुई लाख ३० हजार ८५ जना पर्यटक नेपाल भित्रिएका थिए। त्यसैगरी २०२१ मा भने एक लाख ५० हजार नौ सय ६२ पर्यटक नेपाल आएका थिए। जुन सन् २०२० को तुलनामा ३४ दशमलव ४ प्रतिशतले कमी हो । पर्यटन बोर्डका निर्देशक मणिराज लामिछानेले सन् २०१९ मा आएका कूल पर्यटकको सङ्ख्यामा ७० देखि ७५ प्रतिशतसम्म 'रिकभर' हुने अपेक्षा गरिएको र सोअनुसार पर्यटक आगमन भइरहेको बताउनुभयो । उहाँले यही दरमा पर्यटक भित्रिए यो वर्ष छ लाखभन्दा बढी पर्यटक बताउनुभयो।

## अध्यक्ष दाहालद्वारा वाम-लोकतान्त्रिक गठबन्धनको पक्षमा मतदान गर्न अपिल

**पोखरापत्र संवाददाता**
**गोरखा, १८ कार्तिक**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष एवं गोरखा क्षेत्र नं २ का प्रतिनिधिसभाका उम्मेदवार पुष्पकमल दाहाल (प्रचण्ड) ले आज एकै दिन गोरखाका पाँच ठाउँमा भएको कोणसभालाई सम्बोधन गर्नुभएको छ।

क्षेत्र नं २ का विभिन्न स्थानमा वाम-लोकतन्त्रिक गठबन्धनको आयोजनामा भएको संयुक्त चुनावी जनसभा तथा कोणसभालाई सम्बोधन गर्नुहुँदै उहाँले अबको पाँच वर्षमा गोरखाका धुलो सडकलाई कालोपत्र गरेर छोड्ने प्रतिबद्धतासमेत व्यक्त गर्नुभएको हो । "गोरखा जिल्लाभित्रका सडकहरू धुलाम्मे छन्", उहाँले भन्नुभयो, "अबको पाँच वर्षमा यी सडकलाई कालोपत्र गरेर मात्र छोडिन्छ ।" अध्यक्ष दाहालले चितवन जिल्लामा पाँच वर्षमा धुलाम्मे सडकलाई पूरै कालोपत्र गरेको भन्दै अब गोरखाको पनि धुलाम्मे सडकलाई कालोपत्र गर्ने बताउनुभयो। उहाँले बृहत् शान्ति सम्झौतामार्फत हस्ताक्षर गरेर आफूले कांग्रेसको रूख चिह्नमा भोट हालेको र तत्कालीन कांग्रेस सभापति तथा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले हँसिया हथौडामा भोट हालिसकेकाले अब दुवै पार्टीका कार्यकर्ताले एकअर्काको चुनाव चिह्नमा भोट हाल्न हिच्किचाउन नपर्ने स्पष्ट पार्नुभयो। "शान्तिका लागि संविधानको रक्षाका लागि हँसिया हथौडाले पनि रूखमा भोट हाल्न तयार हुनुपर्‍यो", अध्यक्ष प्रचण्डले भन्नुभयो, "रूखले पनि दृढताका साथ शान्तिका निम्ति, लोकतन्त्रका निम्ति संविधानको निम्ति हो भन्ने कुरालाई आत्मसात् गरी खुसी साथ हँसिया हथौडामा भोट हाल्न तयार हुनुपर्‍यो ।" उहाँले वाम-लोकतान्त्रिक गठबन्धन बृहत् शान्ति सम्झौताको निरन्तरता पनि भएको भन्दै संविधान र लोकतन्त्रका लागि गठन भएको वाम-लोकतान्त्रिक गठबन्धनको पक्षमा मतदान गर्न सबैलाई अपिलसमेत गर्नुभयो।

कोणसभा सम्पन्न पछि सदरमुकाममा आयोजित भेटघाट कार्यक्रममा उहाँले प्रतिगमन एक पटक परास्त भए पनि अझै टाउको उठाउन खोजी रहेको भन्दै अबको निर्वाचनबाट त्यस्ता सदाका लागि परास्त गर्नुपर्ने बताउनुभयो। "प्रतिगमनकारीहरू परास्त त भए एक पटक", उहाँले भन्नुभयो, "यो चुनावमा फेरि राजावादी तथा अतिवादी संविधान विरोधी सबै एक ठाउँमा बसेर वाम लोकतान्त्रिक गठबन्धनकाविरुद्ध खडा छन् ।" अध्यक्ष दाहालले देशको नेतृत्व गर्ने अवसर आए आफू तयार रहेको भए पनि प्रधानमन्त्रीका लागि मरिहत्ते नगरेको बताउनुभयो । उहाँले गोरखा क्षेत्र नं २ मा आफ्नो प्रतिस्पर्धी कोही पनि नभए जस्तो लागेको समेत बताउनुभयो । निर्वाचन आयोगले चुनाव प्रचारप्रसारका लागिआजदेखिअनुमतिदिएलगत्तै अध्यक्ष अध्यक्ष दाहालले आफ्नो निर्वाचन क्षेत्र गोरखा-२ मा चुनाव प्रचारलाई तीव्रता दिनुभएको हो । उहाँले आफ्नो निर्वाचन क्षेत्रमा पर्ने गोरखा नगरपालिका-१४ स्थित याङकोट, वडा नं १० को रानीटार, वडा नं ११ को छेवेटार, वडा नं ८ को आहाले र वडा नं ६ को ठूलो आँगनमा कोणसभालाई सम्बोधन गर्नुभएको हो । कोणसभामा अध्यक्ष दाहालसहित गोरखा क्षेत्र नं २ (१) का प्रदेशसभा सदस्य पदका उम्मेदवार फडिन्द्र देवकोटा, प्रदेशसभा (२) का उम्मेदवार सुरेन्द्रराज पाण्डेलगायतका समानुपातिक तर्फका उम्मेदवारहरूको पनि सहभागिता रहेको थियो।

## एमालेलाई बहुमत आवश्यक छ : अध्यक्ष ओली

**रासस**
**काठमाडौं, १८ कार्तिक**

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले आसन्न निर्वाचनमा नेकपा एमालेले एक्लै बहुमत ल्याउनुपर्ने बताउनुभएको छ।

कञ्चनपुरकोमहेन्द्रनगरमाशुक्रबार साँझ आयोजित चुनावीसभामा उहाँले विकास, शान्ति, जनता र राष्ट्रियताका लागि एक्लै बहुमत ल्याउन आवश्यक रहेको बताउनुभयो।

"एमाले एक्ललैले बहुमत ल्याउन परेको छ", अध्यक्ष ओलीले भन्नुभयो, "अनि मात्रै देशमा विकासको अभियान चल्न सक्छ।" विगतमा एमाले पहिलो वा दोस्रो पार्टी हुने गरेको भए पनि बहुमत नपाएको उहाँले स्पष्ट गर्नुभयो। "अहिले २०७४ सालमा बमुहत प्राप्त गरेर सरकार चलाउन सकेन भनेर हल्ला हुँदैछ", उहाँले भन्नुभयो, "०७४ मा प्रत्यक्षतर्फ एमालेलाई १६५ मा ८०, समानुपातिकतर्फ ११० मा ४१ सिट मात्रै आयो।"

उहाँले अघिल्लो निर्वाचनमा प्रत्यक्षतर्फ तीन सिट र समानुपातिकतर्फ १४ सिट बहुमतका लागि अपुग रहेको बताउनुभयो । मुलुक सञ्चालनका लागि टालाटुली नभई सुदृढ राष्ट्रिय शक्ति आवश्यक रहेको उहाँको भनाइ थियो।




# बुद्ध एअर अन्तर्राष्ट्रिय गोल्डकप फुटबल सहारा क्लब पोखराले विभागीय एपीएफसँग खेल्दै

पोखरापत्र संवाददाता
पोखरा, १८ कार्तिक

सहारा क्लब पोखराले शनिबार मोरङको बेलबारी-११, लक्ष्मीमार्गमा जारी पाँचौ संस्करणको बेलबारी बुद्ध एअर अन्तर्राष्ट्रिय आमन्त्रण गोल्डकप फुटबल प्रतियोगितामा विभागीय सशस्त्र प्रहरी बलको एपीएफ (काठमाण्डौं) सँग खेल्दैछ।



बेलबारीको लक्ष्मीमार्ग डाङ्गीहाट युथ क्लबले आयोजना गरेको प्रतियोगिताका लागि पोखराको सहारा क्लब खेल खेल्न शुक्रबार विहान बेलबारी आई पुगेको छ। यस प्रतियोगितामा सहाराको पहिलो सहभागिता हो। १० टिम सहभागी प्रतियोगितामा सहारा र एपीएफले सिधै वाइ पाएर क्वार्टरफाइनल खेल्ने भएको हो। युवा खेलाडी सम्मिलित सहारा र पछिल्लो समय फुटबलमा उदाउँदै गरेको एपीएफबीच कडा प्रतिस्पर्धा हुनेछ। पूर्व राष्ट्रिय खेलाडी, राष्ट्रिय खेलकुदमा गण्डकी प्रदेशबाट समावेश खेलाडी र सहारा एकेडेमीका युवा खेलाडीहरुले सहाराको टिम बनेको छ। त्यस्तै, फुटबलमा एपीएफले पछिल्लो समय सुधारिएको खेल प्रस्तुत गर्दै एकपछि अर्को सुखद नतिजाहरु निकालेर उपाधिहरु हात पार्दै आएको छ। यस प्रतियोगिताको गत संस्करणको उपविजेतासमेत रहेको एपीएफ फाइनलमा हिमालयन शेर्पासँग हारेको थियो। भर्खरै मात्र पोखरामा सम्पन्न नवौं राष्ट्रिय खेलकुदको फुटबलमा स्वर्ण जितेको छ। नवौं राष्ट्रिय खेलकुदमा विभागीय आर्मीलाई सडेन डेथमा हराउँदै एपीएफले स्वर्ण जितेको हो। एपीएफ, गत वर्ष पोखरामा सम्पन्न आहा रारा गोल्डकपको डिफेण्डिङ च्याम्पियन समेत हो। गत वर्ष आहा रारा गोल्डकपको फाइनलमा मनाङ मर्स्याङ्दीलाई हराउँदै एपीएफ च्याम्पियन बनेको थियो। सहाराका प्रशिक्षक सुनिल रानाले भोली एपीएफसँगको खेलमा पूर्व राष्ट्रिय खेलाडी अजित भण्डारीको कप्तानीमा पूर्व राष्ट्रिय गोलरक्षक विमल थापासहित गण्डकी प्रदेशका उत्कृष्ट खेलाडीहरु आशिष गुरुङ, सरोज योञ्जन, रन्दीप पौडेल,जय गुरुङ, भिषन गुरुङ तथा यु-२० का राष्ट्रिय खेलाडी सुमित श्रेष्ठ, दिपेश आले, सन्तबहादुर गुरुङ र सहारा एकेडेमीकै मुकुन्द न्यूरेलाई प्लेइङ-११ मा उतार्नेछन्। सहारा एकेडेमीका रोमन थापा (गोलरक्षक) अभिषेक राना, अनिषपोमु लिम्बु, नवराज धमेल, विशाल नेपाली, भागवत चौधरी र जीवन रायमाझी सब्सीच्युट खेलाडी रहनेछन्। सहाराका कप्तान अजित भण्डारीले एपीएफसँगको खेल टप हुने बताए। उनले भने, 'भोलीको खेलमा एपीएफका लागि सहारा चुनैती बन्नेछ। प्रतिस्पर्धी एपीएफसँगको खेल फिफ्टी/फिफ्टीकै हुनेछ।' त्यस्तै, प्रशिक्षक सुनिल रानाले पनि फुटबलमा हाई मोटिभेट भएको एपीएफलाई होल्डमा राखेर नतिजालाई आफ्नो पक्षमा पार्ने खेल पस्कने प्रतिक्रिया दिए।

व्यवस्थापक अतित गुरुङले सन्तुलित सहाराको टिम बनाएको उल्लेख गरे। उनले भने, 'जित्नका लागि बेलबारी आएका हौं, एपीएफसँग उत्कृष्ट खेल पस्कन्छौं।' प्रतियोगितामा सहारा क्लब पोखरासहित आयोजक डांगीहाट युथ क्लब (मोरङ, बेलबारी), सशस्त्र प्रहरी बल (एपीएफ) काठमाण्डौं, सहलेस युथ क्लब (सिराहा), राजारानी फुटबल क्लब (धनकुटा), रोलिङ क्लब धुलाबारी (झापा), पेम्बा युथ क्लब (विराटनगर), भारतको एमएम एफसी (वेष्ट बंगाल), युनाईटेड ब्रदर्श (कालिम्पोङ) र एभिनियर फुटबल क्लब (क्यामरुन) ले सहभागिता जनाएको छ। प्रतियोगिताको विजेताले ८ लाख १ हजार र उपविजेताले ४ लाख १ हजार नगदसहित ट्रफी पुरस्कार पाउनेछन्। यस वर्ष पुरस्कार राशी बढाएको आयोजक डांगीहाट युथ क्लबले जनाएको छ। गत वर्ष पुरस्कार राशी विजेताको ५ लाख र उपविजेताको २ लाख ५० हजार थियो। सर्वोत्कृष्ट खेलाडीले २५ हजार नगद पाउने क्लबका अध्यक्ष एवं प्रतियोगिता संयोजक विक्रम बान्तवाले जनाएकाछन्। वान्तवाका अनुसार उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर, स्ट्राइकर, सर्वाधिक गोलकर्ता र उदीयमान खेलाडीलाई जनही १५/१५ हजार पुरस्कार पाउनेछन्। उत्कृष्ट प्रशिक्षले ३५ हजार रुपैयाँ पुरस्कार पाउनेछ।

प्रतियोगिताअन्तर्गत शुक्रबार भएको खेलमा सहलेस युथ क्लब सिराहाले क्यामरुनको एभिनियर फुटबल क्लबलाई २-१ ले हराउँदै सेमिफाइनलमा स्थान बनाएको छ। सिराहाका लागि दुबै गोल फोडे फोफोनाले २ गरे। फोफोनाले खेलको ७ औं र ६७ औं मिनेटमा गोल गरे। फोफोनाले दास्रो गोल पेनाल्टीमा गरेका थिए। एभिनियरका लागि एकमात्र गोल सोङले गरेका हुन्। सिराहाका पेपे म्यान अफ दी म्याच बने।



हरिबोधनी एकादशीमा पोखराको रामघाटमा शुक्रबार जम्मा भएका भक्तजनहरुको घुइँचो। तस्बिर :राधिका कँडेल, रासस

# घाचोकमा प्राविधिक शिक्षालय स्थापनामा पहल गर्छौं: गठबन्धन उम्मेदवार

पोखरापत्र संवाददाता
पोखरा, १८ कार्तिक

कास्की क्षेत्र नं. ३ अन्तर्गत पाँच दलिय गठबन्धनका साँझा उम्मेदवारहरुले माछापुच्छ्रे गाउँपालिका ३ घाचोकमा प्राविधिक शिक्षालय स्थापना गर्न पहल गर्ने बताउनुभएको छ।





शुक्रवार शुक्रबार उक्त वडा स्थित गठबन्धनको सम्पर्क कार्यालय उद्घाटन गर्दै प्रतिनिधिसभा उम्मेद्वार रामजीप्रसाद बराल तथा ३(१) प्रदेशसभा उम्मेदवार दुर्गादत्त भण्डारीले त्यस्तो प्रतिबद्धता जनाउनुभएको हो। उहाँहरुले घाचोकमा प्राविधिक शिक्षालयको खाँचो औंल्याउदै त्यहाँको सम्पूर्ण पक्ष अध्ययन गरी विषय छनोट गर्नुपर्ने पनि स्पष्ट पार्नुभयो। प्रतिनिधिसभा उम्मेद्वार रामजीप्रसाद बरालले घाचोकको विकासमा आफू प्रतिबद्ध रहेको सुनाउँदै सेतीनदी माथिको रातोपहिरो पूल निर्माण सम्पन्न भएपछि त्यस क्षेत्रवासीको जीवनस्तर बदलिने विश्वास लिनुभयो।उहाँले राजनीतिक स्थीरताका लागि गठबन्धनको जीत आवश्यक रहेको छ भन्दै त्यसका लागि गोलाकार भित्रको हसियाँ हथौडा चिन्हमा मतदान गर्न आग्रह पनि गर्नुभयो। प्रदेशसभा उम्मेदवार दुर्गादत्त भण्डारीले घाचोकवासीको समस्या पहिचान गरी प्राथमिकीकरणका आधारमा समाधान गर्न पहल गरिने स्पष्ट पार्नुभयो। उहाँले प्राविधिक शिक्षालय स्थापना लगायत घाचोक स्थित मोटरबाटाहरुको स्तरउन्नतीमा आफूले विशेष पहल गर्ने औंल्याउनु भयो। कांग्रेस महासमिति सदस्य रामचन्द्र त्रिपाठीले गठबन्धनका उम्मेदवारलाई हर हालतमा जिताउनुपर्ने भन्दै यदि अप्रत्यासित नतिजा आए देश पुनः प्रतिगमनतर्फ धकेलिने स्पष्ट पार्नुभयो। नेपाली कांग्रेस माछापुच्छ्रे गाउँपालिका सभापति वीरेन्द्र गुरुङले कांग्रेस नेतृत्वको गठबन्धन मुलुकको स्वाधिनता रक्षाका लागि गरिएको जनाउँदै त्यसले मात्रै समृद्धि ल्याउने बताउनुभयो। त्यस अवसरमा नेकपा (एकीकृत समाजवादी)का केन्द्रीय सदस्य प्रेम पौडेल, गठबन्धनमा नेताहरु शंकर कार्की, कृष्णकुमार श्रेष्ठ, श्रीराम पोखरेल लगायतले पनि धारणा राख्नुभयो। यसैबीच शुक्रवार आजै गठबन्धनको माछापुच्छ्रे गाउँपालिका वडा नं. १ को सम्पर्क कार्यालय पनि उद्घाटन गरिएको छ।

# पहिलो चरणको भेटघाट सकेपछि बरालले भन्नुभयो- 'उत्साहित छु'

पोखरापत्र संवाददाता
पोखरा, १८ कार्तिक

कास्की क्षेत्र नं १ प्रतिनिधि सभा सदस्य उम्मेद्वार किशोरदत्त बरालले मतदाताहरुले आफूप्रति गरेको व्यवहारले उत्साहित बनाएको बताउनुभएको छ।



मतदातासँग पहिलो चरणमा भेटघाट सक्नु भएका बरालले आफूलाई मतादाताले विश्वास र भरोसा गरेको दावी गर्नुभयो।

'उत्साहित छु, जनताको आवश्यकता अनुसारका नै काम गर्छु भनेको छु, उहाँले भन्नुभयो - झुटो कुरा गर्दिन, जनताको चाहना पूरा गर्नु मेरो कर्तव्य हो, कर्तव्य पूरा गर्छु।' मतदातासँगको भेटघाटमा उहाँले शिक्षा, पर्यटन, कृषिसहित जलस्रोतलाई मुख्य प्राथमिकता दिने प्रतिवद्वता व्यक्त गर्नुभएको छ। सबैतीरबाट पाइरहेको सद्भाव, माया र विश्वास निर्वाचन जित्ने आधार भएको उहाँको भनाइ छ। उहाँले शुक्रबार मतदातासँग भेटघाट गर्नुको साथै ठूलो एकादशीको अवसरमा विभिन्न धार्मिकस्थल पुगेर भक्तजनसँगबाट आशिर्वाद लिनुभएको छ। पोखरामा विभिन्न स्थानमा निकालिएको फूलको डोलीसहितको धार्मिक र्यालीमा पनि सहभागि हुनुभयो। त्यस्तै, उहाँको सम्मानमा पोखराका विभिन्न संघसंस्थाले आयोजना गरेका स्वागत कार्यक्रमहरुमा सहभागि हुनुभयो। विभिन्न तमु समाजले आयोजना गरेका कार्यक्रम , शिक्षकसँग सम्वन्धित संघ संस्थाले गरेका शैक्षिक अन्तरक्रिया र कृषकसँगको भेटघाटमा सक्रिय रहनुभयो। उम्मेद्बार बराल शनिवार र आइतबार रुपा गाउँपालिकासहित पोखरा २८ तर्फ केन्द्रीत रहनु हुनेछ।

## कोरियाका...

जडिबुटी,हस्तकला, बास्तुकला तथा अर्गानिक उत्पादनहरुको प्रचुर सम्भावना रहेको छ। दक्षिण कोरियाका हाम्रा मित्रहरुको जिब्रोले खोज्ने,उहाँहरुले प्रयोग गर्न रुचाउने यी सामग्री कोरिया पुऱ्याउन सके दुबै देशले लाभ लिने थिए भन्ने हाम्रो सोच हो',उनले भने,' यसको लागि हामी त्यहाँका उद्योग वाणिज्य संघहरुसँग भगिनी सम्बन्ध स्थापना गर्न,व्यवसायीहरुसँग साझेदारी गर्न पनि तयार छौं। यी क्षेत्रमा केही काम पनि भएका छन् तर बजारीकरणमा हामी पछि छौं।' अध्यक्ष प्रजापतिले नेपालमा दक्षिण कोरियाली पर्यटकहरुको आगमन बढाउन प्रवर्द्धनात्मक कार्यक्रम आयोजना गर्न संघ तयार रहेको बताउँदै त्यसको व्यवस्थापन गर्न आग्रह पनि गरे। 'नेपालमा द्रूत गतिको आर्थिक विकास सम्भव छ र यसको लागि हामीलाई प्रविधि चाहिएको छ',उनले भने,' प्रविधि हस्तान्तरण र कोरियन लगानीको लागि पनि यहाँले सहजीकरण गरिदिनुहोला।'


## मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न:

◆ चिल्लो तथा बोसोयुक्त खानेकुरा नखाऔं।
◆ नियमित रुपमा शारिरीक व्यायाम गरौं।
◆ मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
◆ धुम्रपान र मद्यपान नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# प्रथम ए.बि.सी एटए साईडका सेमिफाईनल समीकरण पुरा

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ कार्तिक**

अमरसिंह ब्वाईज क्लबको आयोजनामा सञ्चालित प्रथम ए.बि.सी एट ए साईड राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगिताको शुक्रबार सेमिफाईनल समीकरण पुरा भएको छ।

शुक्रबार पोखराको अमरसिंह माविको खेल मैदानमा भएको पहिलो क्वार्टरफाईनलमा एक्स पोखरालाई १-० गोलले पराजित गर्दै हेटौडा भेट्रान्स अन्तिम चारमा प्रवेश गरेको हो। खेलको २८ औं मिनेटमा अनुप लामाको गोल निर्णयक बन्यो । उनी खेलको म्यान अफ दि म्याच घोषित भए। दोस्रो क्वाटर फाईनल खेलमा काठमाडौंको नाईटकिङ्स सानो गौचरनले चितवन भेट्रान्सलाई ३-१ गोलले हराउँदै सेमिफाईनल सुरक्षित गर्‍यो । खेलमा सानो गौचरनका लागि राजन उप्रेतीले दुई तथा नरेश श्रेष्ठले एक गोल गरे। राजनले खेलको ८ र १९ औं मिनेटमा गोल गरेका थिए। सुरेन्द्र गुरुङले खेलको १६ औं मिनेटमा गोल गरे । जुन गोल चितवनका लागि सान्त्वना बन्यो । खेलमा राजन उप्रेती म्यान अफ दि म्याच घोषित भए। तेस्रो क्वार्टरफाईनल खेलमा फ्रिडम फाईटरले एक्स वारियरलाई ३-१ गोल अन्तरले पराजित गर्‍यो। फ्रिडम फाईटरका लागि सुवास गुरुङले खेलको ६ औं मिनेटमा गोल गर्दै अग्रता दिलाए। खेलको आठौं मिनेटमा विजय गुरुङले गोल थप्दै अग्रता दोब्बर बनाउँदा सरोज थापाले अर्को गोल थप्दै जित सुनिश्चित बनाएका थिए । खेलको १७ औं मिनेटमा भरत थापाले एक्स वारियरका लागि गोल फर्काए । विजय गुरुङ म्यान अफ दि म्याच भए । अन्तिम क्वाटर फाईनल खेलमा बुटवल भेट्रान्सले धनगढी भेट्रान्सलाई ३-० गोलले पराजित गरेको थियो । राजु खड्का, लवप्रसाद गुरुङ र तीर्थबहादुर याक्सोले गोल गरेका थिए। राजु खेलमा म्यान अफ दि म्याच घोषित भए। पहिलो सेमिफाईनल हेटौडा भेट्रान्स र सानो गौचरन बीच हुने छ। दोस्रो सेमिफाईनल बुटवलले फ्रिडम फाईटरसँग खेल्ने छ।

विजेताले नगद १ लाख ५५ हजार ५ सय ५५ रुपैयाँ प्राप्त गर्ने छ। उपविजेताले ७७ हजार ७ सय ७७ रुपैयाँ पाउँदा सर्वोत्कृष्ठ खेलाडीले नगद १० हजार र उत्कृष्ट गोलकिपर, डिफेण्डर, स्ट्राईकर र प्रशिक्षकले जनही ५ हजार रुपैयाँ प्राप्त गर्ने प्रतियोगिताका संयोजक एवं अमरसिंह ब्वाईज क्लबका अध्यक्ष राजेश गुरुङले जानकारी दिए।

# म्याग्दीमा भेटियो नयाँ वनस्पति

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १८ कार्तिक**

म्याग्दीको धवलागिरि गाउँपालिका-२ मोरेनीमा नयाँ प्रजातिको वनस्पति भेटिएको छ । वनस्पतिविद् भक्तबहादुर रास्कोटीले तिउरीको नयाँ प्रजातिको बिरुवा पहिचान गर्नुभएको हो । यसको वैज्ञानिक नाम 'इम्पेसियन्स निम्सपुर्जेए' राखिएको छ।

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३ दानामा जन्मिएका कीर्तिमानी पर्वातारोही निर्मल पूर्जाले पर्वातारोहण र संरक्षणका लागि गरेको कामको मूल्याङ्कन गर्दै वनस्पतिलाई उनको नाम दिइएको रास्कोटीले बताउनुभयो । रास्कोटीले हालै नयाँ प्रजातिको वनस्पतिका बारेमा ५७ पृष्ठ लामो अनुसन्धान प्रतिवेदनसहितको लेख सार्वजनिक गर्नुभएको थियो । सन् २०११ को अगस्त २५ मा समुद्री सतहदेखि दुई हजार आठ सयदेखि दुई हजार नौ सय मिटरको उचाइमा रास्कोटीले फेला पार्नुभएको यो प्रजातिको वनस्पतिको नमूना सङ्कलन गरेर अध्ययनका लागि राष्ट्रिय हर्बेरियम प्रयोगशाला र त्रिभुवन विश्वविद्यालयको हर्बेरियम विभागमा अभिलेखका लागि राख्नुभएको थियो ।

"यो बिरुवाको विश्वमै पहिलोपटक अभिलेख भएकाले अन्य अवस्थाबारे विस्तृत अध्ययन भएको छैन", रास्कोटीले भन्नुभयो, "मोलिक्युलर अध्ययन तथा अन्य विस्तृत विवरणसहितको अध्ययन गर्दा प्रजातिको अभिलेखमा धेरै वर्ष लाग्यो । यो प्रजाति इम्पेसियन्स हारी, इम्पेसियन्स रेडियटा, इम्पेटियन्स वालिचीसँग नजिक देखिए पनि भिन्न छ ।" रास्कोटीले नेपालका लागि थप पाँच तिउरी प्रजातिको अभिलेख गर्नुभएको छ। यो सँगै नेपालमा तिउरीका अब ५७ प्रजाति नेपालमा अभिलेख भएका छन् । यस्तै तीमध्ये आठ प्रजाति नेपालमा मात्रै पाइने उक्त अनुसन्धानबाट खुलेको छ । इम्पेसियन्स ब्राचीसेन्ट्रा, एम्पेसियन्स इन्फन्डिबुलरिस, इम्पेसियन्स सिक्किमेन्सिस, इम्पेसियन्स काटकठीं, इम्पेसियन्स ज्ञामिई प्रजाति नेपालका लागि नयाँ अभिलेख भएका हुन् ।

नयाँ प्रजातिको तिउरीको डाँठबाट आउने फूलको सङ्ख्या तीनवटा मात्रै हुने, फराकिलो स्पर र फूलको पात (पेटल) रहेका जस्ता गुणबाट अन्यभन्दा फरक रहेको रास्कोटीले बताउनुभयो । यस्तै यसको आनुवांशिक (फाइलोजेनी) अध्ययनमा न्यूक्लियर जिन र क्लोरोपास्टका दुईवटा जिनको विश्लेषण गर्दा फरक पाइएको थियो। अनुसन्धानकर्ताका अनुसार विज्ञानका लागि नयाँ प्रजाति हुनका लागि वनस्पतिको फूलको बनावटमा कम्तीमा दुई वा सोभन्दा बढी भिन्न र मोलुक्युलर विवरण पनि फरक हुनुपर्छ। फूल, डिएनए र बाहिरी आवरणलाई आधार मानेर वनस्पतिको वर्गीकरण र पहिचान गरिन्छ । विद्यावारिधि पूरा गरेका अनुसन्धानकर्ता रास्कोटी फ्लोरा अफ नेपाल लेखनको अर्किडेसी समूह लेखनको योगदानकर्ता पनि हुनुहुन्छ । वनस्पति जगत् को बाल्सामिनेसी परिवारभित्र इम्पेसियन्स जेनस (तिउरी) पर्छ। यो परिवारका दुईवटा जेनस भए पनि नेपालमा तिउरी प्रजातिमात्रै पाइन्छन्। तिउरीलाई फूलको रूपमा रोप्ने तथा जडीबुटीको रूपमा पनि प्रयोग गर्ने गरिन्छ । नेपालको आठ सय मिटरदेखि माथि चार हजार पाँच सय मिटर उचाइसम्म यो प्रजातिको अभिलेख भएको छ। घाँसेमैदानको ओसिलो ठाउँमा पाइने तिउरीलाई स्थानीयवासीले बर्खामा हिलोले बनाएको घाउमा लगाउने गर्दछन्।

# आर्वा बहुउद्देश्यीय सहकारीको प्रथम साधारण सभा

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ कार्तिक**



श्री आर्वा बहुउद्देश्यीय सहकारी संस्था लि.को प्रथम बार्षिक साधारण सभा हालै सम्पन्न भयो ।

पोखरा महानगरपालिका वडा नं १३ का वडा सदस्य वलवहादुर वरालले सभाको उद्घाटन गर्दै शेयर सदस्यहरु सकारात्मक सोचका साथ एक जुट भएमा सहकारी अगाडि बढ्न सहयोग पुग्ने भने। त्यसैगरी वडा १३ का वडा सदस्य रजनी परियारले सहकारीले जनता मुखी कार्यमा अगाडि बढ्नु पर्ने धारणा राखिन् । श्री आर्वा बहुउद्देश्यीय सहकारी संस्था लिका अध्यक्ष नविन वरालको अध्यक्षतामा भएको कार्यक्रममा संस्थाका सदस्य भोला भद्र वाग्ले, भिम बहादुर बराल, सुर्य प्रसाद बराल, सन्तोष बराल, पुर्णचन्द्र बराल, शम्भु बहादुर बराल, तारा बराल लगायतले वोलेको कार्यक्रममा सदस्य विन्दु पौडेलले ससहकारीका सात सिद्धान्त वाचन गरेकी थिइन । कार्यक्रममा सहकारीका उपाध्यक्ष सजिव बाँनियाँले स्वागत गरेका थिए भने सहकारीका सह कोषाध्यक्ष बुद्धिराज वरालले संचालन गरेका थिए । सोही दिन १२ जना प्रतिनिधिले निर्णय पुस्तिकामा हस्ताक्षर गरि निर्णय प्रमाणिकरण गरेको थियो ।

# म लमजुङको स्थानीय हुँ : महासचिव गुरुङ

**पोखरापत्र संवाददाता**
**लमजुङ, १८ कार्तिक**

नेकपा (माओवादी केन्द्र) का महासचिव तथा लमजुङ प्रतिनिधिसभाका उम्मेदवार देवप्रसाद गुरुङले आफू यस जिल्लाकै बासिन्दा भएको स्पष्ट पार्नुभएको छ।

वाम-लोकतान्त्रिक गठबन्धनको शुक्रबार सुन्दरबजार नगरपालिका-७ पाउँदीबजारमा चुनाव प्रचारप्रसार तथा घरदैलो अभियानको शुभारम्भ गर्दै उहाँले भन्नुभयो, "मलाई टुरिष्ट उम्मेदवार भनेर अनावश्यक हल्ला फैलाएको छ, यसअघिको निर्वाचनमा एमालेसँगै हुँदा त्यति बेला पनि म उम्मेदवार थिए, त्यति बेला म मनाङकै बासिन्दा हुँदा पनि टुरिष्ट भइन तर अहिले लमजुङकै बासिन्दा भइसके अहिले कसरी टुरिष्ट उम्मेदवार हुन्छु ?"

त्यस्तै उहाँले मुलुकमा वाम-लोतान्त्रिक गठबन्धन कमजोर हुँदा प्रतिगामि शक्तिहरू हाबी हुने गरेकाले अहिलेको गठबन्धन एकजुटका साथ अघि बढ्नुपर्ने बताउनुभयो । त्यस्तै, लमजुङ र गण्डकी प्रदेशकै विकासका लागि तनहुँ, गोरखा र लमजुङका गठबन्धनकाउम्मेदवारलाईजिताउनका लागि उहाँले मतदातालाई आग्रह गर्नुभयो। जनता र देश विकासका लागि सधैं लागिरहने भएकाले पनि जनताले गठबन्धनलाई साथ दिने उहाँको भनाइ छ।

# काँहुखोला महिला सहकारीको चौथो साधारण सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ कार्तिक**



काँहुखोला महिला विकास बहुउद्देश्यीय सहकारी संस्थाको चौथो साधारण सभा हालै सम्पन्न भयो।

पोखरा महानगरपालिका वडा नं १३ का वडा सदस्य रजनी परियारले सभाको उद्घाटन गर्दै वडा १३ मा महिला सहकारी स्थापनाले सकारात्मक सन्देश छरेको चर्चा गरिन् । सहकारी राम्रो भएमा महिलाको आर्थिक वृर्द्धिमा पनि ठूलो सहयोग पुग्ने वडा सदस्य परियारले वताईन । काँहुखोला महिला विकास बहुउद्देश्यीय सहकारी संस्थाकी अध्यक्ष रमा कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा कमलपोखरी बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष माधव प्रसाद आचार्य, समाजसेवी गोबिन्द आचार्य, महिला तथा वाल कल्याण कुञ्जकी अध्यक्ष शान्तीदेवी सिग्देल लगायत वालेको कार्यक्रममा सहकारी सात सिद्धान्त सहकारी सदस्य शान्ति केसीले बाचन गरेकी थिइन । कार्यक्रममा सहकारीका सह सचिव सचिब बिष्णुमाया अधिकारीले स्वागत र सचिव सरस्वती कार्कीले संचालन गरेकी थिइन । सभाले सहकारीका सचिव सरस्वती कार्की र कोषाध्यक्ष शारदा सिग्देलले प्रस्तुत गरेको प्रतिवेदन पारित गरेको छ।

# भद्रकाली बचत तथा ऋण सहकारीको अध्यक्षमा डा. सुवेदी

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ कार्तिक**



पोखरा महानगरपालिका वडा नं १३ स्थित भद्रकाली बचत तथा ऋण सहकारी संस्था लि.को संचालक समितिको अध्यक्षमा डा दिपकराम सुवेदी चयन भएका छन् ।

हालै भएको सहकारीको चौथो वार्षिक साधारण सभा तथा दोश्रो अधिवेशनले डा. सुवेदीलाई चयन गरेको हो । संचालक समितिको उपाध्यक्षमा नरवहादुर गुरुङ, सचिवमा बाबुराम सापकोटा, र कोषाध्यक्षमा विमलकुमार गुरुङ चयन भएका छन् । त्यसैगरी सदस्यहरुमा क्रमश सन्तोष थापा, कृष्णराज भट्टराई, रुद्रमान श्रेष्ठ, सिता कोइराला, इन्दिरा प्रधान, विष्णुदेवी आचार्य र सरीता सुवेदी रहेका छन् । सहकारीको लेखा सुपरीवेक्षण समितिको संयोजकमा पुरुषोत्तम घिमिरे, सदस्यमा संजय कोइराला र सत्यदेवी रेग्मी चयन भए।

पोखरा महानगरपालिका वडा नं १३ का वडा अध्यक्ष किरण वरालले सभाको उद्घाटन गर्दै भद्रकाली सहकारी सँग निःशुल्क स्वास्थ्य शिविर गर्ने अवसर दिनुभएकोमा आत्मैदेखी प्रशंसा गरे। वडाको तर्फवाट सहकारीलाई सदैव सहयोग गर्न तयार रहेको अध्यक्ष वरालले भने। भद्रकाली बचत तथा ऋण सहकारी संस्था लि.को संचालक समितिको अध्यक्ष किरणराज घिमिरेको अध्यक्षतामा भएको कार्यक्रममा शेयर सदस्यकको तर्फवाट तथा भद्रकाली माविका प्रधानाध्यापक राजेन्द्र भण्डारी लगायत वोलेको कार्यक्रममा सहकारीका उपाध्यक्ष नरवहादुर गुरुङले स्वागत, प्रवन्धक मित्रराज घिमिरेले संचालन गरेको कार्यक्रममा सदस्य सिता कोइरालाले सहकारीको सात सिद्धान्त वाचन गरेकी थिइन।

सोही दिन सहकारीका जेष्ठ सदस्य तेजमान गुरुङ, उत्कृष्ठ कारोवार गर्ने सन्तोष गुरुङ र उत्कृष्ठ कर्मचारीमा सिम्रन श्रेष्ठलाई सम्मान गरियो।

# कूल मतपत्र आठ करोड तीन लाख ९४ हजार

**रासस**
**काठमाडौं, १८ कार्तिक**

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि आवश्यक पर्ने कूल आठ करोड तीन लाख ९४ हजार पाँच सय मतपत्रको छपाइ सम्पन्न भएको छ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका प्रतिनिधिसभातर्फ एक करोड ९८ लाख ७१ हजार र समानुपातिकतर्फ दुई करोड चार लाख २१ हजार मतपत्र छपाइ भएको छ। प्रदेशसभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि एक करोड ९९ लाख १८ हजार पाँच सय र समानुपातिकतर्फ दुई करोड एक लाख ८४ हजार मतपत्र छपाइ सम्पन्न भएको छ।



## त्रिवेणी इन्टरनेशनल कलेज लि. को वार्षिक साधारण सभा सम्बन्धी सूचना ।

यस कलेजको यहि मिति २०७९/८/१० गते शनिवार बिहान ११:०० बजेदेखि कलेजकै सभाहलमा सातौ वार्षिक साधारण सभा संचालन गर्ने र सो सभामा आर्थिक वर्ष २०७८/०७९ को लेखापरिक्षण प्रतिवेदन, अध्यक्षको वार्षिक प्रतिवेदन, लेखापरिक्षक नियुक्ती र पारिश्रमिक निर्धारण एवं कलेजलाई पब्लिक लि.कम्पनीबाट प्राइभेट लि. कम्पनीमा परिणत गर्ने सम्बन्धी विशेष प्रस्ताव लगायतका विविध विषयहरुमा छलफल एवं निर्णय हुने हुदाँ उक्त सभामा सम्पूर्ण शेयरधनि सदस्यज्यूहरुलाई उपस्थितीको लागि यो सूचना गरिएको छ।

अध्यक्ष
सुमन भट्टराई
त्रिवेणी इन्टरनेशनल कलेज लि.
पोखरा-२७, तालचोक, कास्की



## हार्दिक समवेदना



जन्मः १९९५/०८/१५ गते
स्वर्गारोहण : २०७९/०७/०७ गते

### स्व. कृष्णगोपाल लिगल

यस सिद्धार्थ टोल विकास संस्थाका सदस्य पूर्ण कुमारी श्रेष्ठका श्रीमान तथा सदस्य विष्णुकुमारी लिगलका पुजनीय पिता **कृष्णगोपाल लिगल**को असामयीक निधनका कारण हामी अत्यन्त मर्माहित र स्तब्ध भएका छौं । उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै आज १३ औं दिनको पुण्य तिथिमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

सिमा कोइराला
अध्यक्ष एवम्
सिद्धार्थ टोल विकास संस्था परिवार